नेपाल सरकार
# युवा तथा खेलकुद मन्त्रालय
(.......................................शाखा)

पत्र संख्या :
चलानी नं. : ४८-कृ पृ

सिंहदरबार, काठमाडौं
नेपाल ।

नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय सिंहदरबार, काठमाडौं

मितिः २०८१/६/६

युवा तथा खेलकुद मन्त्रालय तथा अन्तर्गतका निकायबाट मिति २०८१/४/२७ देखि २०८१/६/४ सम्म सम्पादन भएकामुख्य-मुख्य काम कारबाहीको विवरणः-

१. मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको वैठक माननीय युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरीज्यूको अध्यक्षतामा सम्पन्न भई राष्ट्रिय विकास समस्या समाधान समितिको वैठकमा पेश गर्नुपर्ने प्रस्तावहरुको बारेमा छलफल गरिएको।
२. अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा राष्ट्रिय युवा सम्मेलनको आयोजना गरिएको।
३. राष्ट्रिय खेलकुद परिषद्को टोली सहित माननीय युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरीद्धारा दशौं राष्ट्रिय खेलकुदका लागि तयारी भैरहेको कर्णाली प्रदेशको खेल पूर्वाधारको अनुगमन गर्नु भएको।
४. युवा तथा खेलकुद क्षेत्रको विकासका लागि विभिन्न सरोकारवालहरुसँग छलफल तथा अन्तर्क्रिया गर्ने क्रममा माननीय युवा तथा खेलकुद मन्त्री र निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन)तथा राष्ट्रिय निजी तथा आवासीय विद्यालय एशोसिएशन (एनप्याब्सन) का प्रतिनिधिहरु वीच छलफल कार्यक्रम सम्पन्न भएको।
५. काभा महिला नेशन्स लीग भलिवल टिमका खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई प्रधानमन्त्री निवास वालुवाटारमा सम्माननीय प्रधानमन्त्रीज्यूको प्रमख आथित्यमा पुरस्कृत तथा सम्मान गरिएको।
६. सन् २०२४ अगष्ट २८ देखि सेप्टेम्बर ८ सम्म मित्रराष्ट्र फ्रान्सको पेरिसमा आयोजित Paris-2024 Paralympics Games मा नेपालको तर्फबाट पारा तेक्वान्दो महिला ५७ के.जी. K-44 Category विधामा काँस्य पदक हासिल गरी नेपाललाई ऐतिहासिक सफलताका साथ अन्तर्राष्ट्रिय जगतमा नेपालको गौरव बढाउन सफल हुनु भएकोले उहाँहरुको योगदानको उच्च कदर गर्दै नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८१।५।२० को निर्णयानुसार मिति २०८१।५।२८ गते प्रधानमन्त्री निवास बालुवाटारमा सम्माननीय प्रधानमन्त्रीज्यूको प्रमुख आतिथ्यता खेलाडी पलेशा गोबर्धनलाई नगद रु. ६५,००,०००।- (पैंसठ्ठी लाख), प्रशिक्षक श्री कविराज नेगी लामालाई रु. ५,८५ ,०००।- (पाँच लाख पचासी हजार) र टिम व्यवस्थापक श्री रामचन्द्र श्रेष्ठलाई रु. २,९२ ,०००।- (दुई लाख बयानब्बे हजार) सहित सम्मान-पत्र प्रदान गरिएको।
७. मलेसियाको सवाहमा भएको एसियाली ट्रायल मास्टर च्याम्पियनसिपमा नेपाली खेलाडी प्रिया राईले स्वर्ण र रशिला तामाङले कांस्य पदक प्राप्त गर्न सफल भएका।

फोन नं.:- ४२००५४२ (प्रशासन), ४२००५५३ (योजना), ४२००५४५ (युवा), ४२००५५० (खेलकुद), ४२००५४३ (आ.प्र.)
फ्याक्स नं.:- ४२०००३२, इमेलः info@moys.gov.np, वेभसाइटः www.moys.gov.np

CamScanner

नेपाल सरकार

# युवा तथा खेलकुद मन्त्रालय

(...........................................शाखा)

पत्र संख्या :
चलानी नं. : ४८-५५

नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय सिंहदरबार, काठमाडौं

सिंहदरबार, काठमाडौं
नेपाल।

८. नेपाललाई पहिलो अन्तर्राष्ट्रिय पदक दिलाएका पूर्व धावक जितबहादुर केसीलाई ७५ हजार, उसुकी पूर्व खेलाडी सर्मिला राईलाई १ लाख र १३ औं दक्षिण एसियाली खेलकुदमा स्वर्ण पदक दिलाउन सफल जुडोकी पुनम श्रेष्ठलाई ५० हजार रुपैयाँ सहयोग राष्ट्रिय खेलकुद परिषद् मार्फत प्रदान गरिएको।

९. मिति २०८१/०५/२१ गते नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयको आयोजनामा सातदोबाटोस्थित एन्फाको फुटवल मैदानमा निजामती सेवा दिवस-२०८१ को अवसरमा मुख्यसचिव-११ भर्सेज ट्रेड यूनियन-११ बिच मैत्रीपूर्ण फुटवल प्रतियोगिता सम्पन्न भएको।

१०. माननीय युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीज्यूको समुपस्थितिमा राष्ट्रिय युवा नीति २०८१ को बिषयमा विभिन्न राजनीतिक दल सम्वद्ध युवा संघ संगठनका अध्यक्ष तथा प्रतिनिधिहरुसँग छलफल कार्यक्रम सम्पन्न भएको।

११.नियमानुसार आवश्यक प्रक्रिया पुरा गरी निर्वाचन नगर्ने विभिन्न खेल संघहरुलाई प्रचलित कानुन वमोजिम तोकिएको प्रक्रिया पुरा गरी निर्वाचन गर्न राष्ट्रिय खेलकुद परिषद परिषद्द्वारा निर्देशन दिएता पनि हालसम्म निर्वाचन नगर्ने विभिन्न अठार वटा खेल संघहरुलाई तीन दिन भित्र संगठन संरचना तथा विधान स्वीकृति सहित निर्वाचन सम्पन्न गर्न स्पष्ट समय तालिका सहितको कार्ययोजना पेश गर्न पूनः निर्देशन दिइएको।

१२.युवा नेतृत्व विकास कार्यक्रम कार्यढाँचा तयार गरिएको।

१३.युवा तथा साना व्यावसायी स्वरोजगार कोषको भुक्तानी तालिका अनुसार किस्ता तथा व्याज भाखा नाघेको सहकारी संस्थाका सञ्चालकको घरजग्गा रोक्का गरिएको।साथै भाखा नाघेको कर्जा असूलउपर गरिएको। स्वरोजगार कर्जा लगानी भएका ऋणीहरुको बीमा गरिएको।

०८१।५।२६

लेखनाथ न्यौपाने
उपसचिव/सूचना अधिकारी

फोन नं.:- ४२००५४२ (प्रशासन), ४२००५५३ (योजना), ४२००५४५ (युवा), ४२००५५० (खेलकुद), ४२००५४३ (आ.प्र.)
फ्याक्स नं.:- ४२०००३२, इमेल: info@moys.gov.np, वेभसाइट: www.moys.gov.np

CamScanner